नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार ।

पुनः सूचना प्रकाशन मिति २०७८ माघ २४ गते

# शोधपत्र (Thesis) मा विद्यार्थीहरुलाई सहभागी गराइने सम्बन्धी विस्तृत सूचना

स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस मन्त्रालयको कार्यक्षेत्र महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यकका विषयमा विश्वविद्यालय/क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई उक्त विषयको जानकारी गराउने उद्देश्यले सरकारी क्याम्पसमा स्नात्तकोत्तर तह–अन्तिम वर्षमा अध्ययनरत १०(दश) जना विद्यार्थीहरूलाई शोधपत्र (Thesis) लेखन कार्यमा सहयोग गर्ने कार्यक्रम रहेको छ ।

**शोधपत्र (Thesis) लेखन कार्य देहाय बमोजिम हुनेछ ।**

१) शोधपत्र (Thesis) लेखन कार्यमा समावेश हुने विद्यार्थीहरू स्नातकोत्तर तहको अन्तिम वर्षमा अध्ययनरत रहेको हुनु पर्नेछ ।

२) शोधपत्र (Thesis) लेखन कार्यमा समावेश हुने विद्यार्थीहरूले आफुले लेख्ने विषयको Proposal सहित सरकारी क्याम्पसको सिफारिस तथा नेपाली नागरिकताको प्रतिलिपी संलग्न गरी निवेदन दिनु पर्नेछ । निवेदन दिएका विद्यार्थीहरू मध्ये बढीमा १०(दश) जनालाई मन्त्रालयमा गठित सहजीकरण समितिले अन्तर्वार्ताबाट छनौट गर्नेछ ।

३) शोधपत्र (Thesis) लेखन कार्यको समयावधि ३ महिनाको हुनेछ ।

४) शोधपत्र (Thesis) लेखन कार्यमा सहभागी हुने विद्यार्थीहरूलाई अनुदान रकम रु.२५०००।– (पच्चिसहजार मात्र ) २ प्रति शोधपत्र मन्त्रालयमा पेश गरी प्रस्तुतीकरण गरेपछि एकमुष्ठ उपलब्ध गराइनेछ ।

५) अन्य थप शर्त वा प्रक्रिया मन्त्रालयमा यस कार्यको लागि गठित सहजीकरण समितिको निर्णय अनुसार हुनेछ ।

६) शोधपत्र (Thesis) मा निवेदन दिने विद्यार्थीहरूले आफ्नो सम्पर्क नम्बर, Email अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

अन्य बिस्तृत जानकारीका लागि यस मन्त्रालयको तथ्याङ्क बिश्लेषण तथा प्रकाशन शाखा ( ०१–४२११९९०) मा सम्पर्क गर्न सकिनेछ ।

इन्दिरा पन्त
शाखा अधिकृत